आज मिति २०७८ साल फागुन २९ गते आइतबारका दिन यस साँफेबगर नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री बिर्मला देवी बुड्थापाज्यूको अध्यक्षतामा आ.व.२०७८/०७९ को १२औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो।

**उपस्थितीः**

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री बिर्मला देवी बुड्थापा | अध्यक्ष एवं नगर उप-प्रमुख | ९८६८७०७४४६ | |
| २. | श्री अमर बहादुर शाह | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६८४३६५५५ | |
| ३. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४८६५०७१२ | |
| ४. | श्री कृष्ण बहादुर बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६५६२६२६४ | |
| ५. | श्री बालगिरी कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८६७७५०२ | |
| ६. | श्री उजिरे साउँद | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८६८५२०५५६ | |
| ७. | श्री प्रेम राज शर्मा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६१२७६० | |
| ८. | श्री मिठ्ठु सिंह भाट | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८४८४११६९९ | |
| ९. | श्री टंक बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८६९१५६८६६ | |
| १०. | श्री ध्रुब बहादुर थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८५५४०३५ | |
| ११. | श्री लाल बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८६९२९४८ | |
| १२. | श्री गणेश बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८६५८३२६४५ | |
| १३. | श्री प्रकाश बहादुर राना | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८४८५३०१९१ | |
| १४. | श्री सागर सिंह सोनार (बाब्ली) | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८५८४२६५२४ | |
| १५. | श्री कर्ण बहादुर साउँद | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८६७७९८६ | |
| १६. | श्री जीत बहादुर निशानी लुहार | सदस्य | ९८६२५०१०८८ | |
| १७. | श्री दुरी देवी कुँवर | सदस्य | ९८१४६६७२१० | |
| १८. | श्री सुरत बहादुर भुल | सदस्य | ९८६९४४०७५९ | |
| १९. | श्री सावी मिजार | सदस्य | ९८०४६८३८३५ | |
| २०. | श्री शंकर भुल | सदस्य | ९८४८६००८७६ | |
| २१. | श्री जयन्ती देवी बोगटी | सदस्य | ९८६८८००१८२ | |
| २२. | श्री सावित्री देवी कुँवर | सदस्य | ९८४०६८०६७२ | |

| | | | | |
|---|---|---|---|---|
| २३. | श्री शान्ती देवी जोशी | सदस्य | ९८४८५२६५४९ | |
| २४. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि.प्र.प्र.अ. | ९८५८४३०१११ | |

**आमन्त्रितः**

| | | | | |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

प्रस्तावहरु

१. रिपोर्टिङ
२. योजना बैंक निर्माण सम्बन्धमा ।
३. शिक्षक सरुवा सिफारिस सम्बन्धमा ।
४. शिक्षा तर्फको सशर्त अनुदान वितरण सम्बन्मा ।
५. 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।
६. आलु पकेट क्षेत्र छनौट गर्ने सम्बन्धमा ।
७. नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन अवधारणा पत्र अनुमोदन गर्ने सम्बन्धमा ।
८. ज्येष्ठ नागरिक देश दर्शन कार्यक्रम सम्बन्धमा ।
९.

**निर्णयहरुः**

**निर्णय नं. १**
प्रस्ताव नं.१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको मिति २०७८ साल फागुन १६ गते सम्पन्न ११औं कार्यपालिका बैठक यता नगरपालिकाबाट भए गरेका कार्यक्रमहरुको बारेमा कार्यवाहक नगर प्रमुखज्यूबाट संक्षिप्त रुपमा रिपोर्ट प्रस्तुत भई वडा तहको रिपोर्टिङ सम्बन्धित वडा अध्यक्षको प्रस्तुति पश्चात कार्य सञ्चालनार्थ देखिएका समस्या तथा कमजोरीलाई नगर प्रमुखज्यूको सम्बोधन सहित आपसी सहमती तथा सहकार्यबाट समाधान गर्ने गरी रिपोर्टिङ कार्य सम्पन्न गरियो ।
**निर्णय नं. २**
प्रस्ताव नं.२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको योजना बैंक निर्माण गर्ने कार्यका लागि सो अन्तर्गतका योजनाहरु यही मिति २०७८ साल चैत्र मसान्त भित्र उपलब्ध गराउन १४ वटै वडा कार्यालयहरुलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
**निर्णय नं. ३**
प्रस्ताव नं.३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा सरुवा भई आउने वा जाने शिक्षक कर्मचारीहरुलाई अन्तरपालिका सरुवा सहमति सिफारिसका लागि अर्को कार्यपालिका बैठकमा छलफल गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
**निर्णय नं. ४**
प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत शिक्षा तर्फको सशर्त अनुदान तर्फको रकम तपसिल बमोजिमका सामुदायिक विद्यालयहरुमा आवश्यकता तथा औचित्यताका आधारमा वितरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिल
**पुस्तकालय स्थापना**

क. प्रभा धम्कोट मा.वि. दयगडा साँफेबगर न.पा. ०३ – रु. ६,५०,०००/-
ख. वैद्यनाथ वेद विद्याश्रम साँफेबगर न.पा. ०१– रु. ६,५०,०००/-
ग. बुढाकोट मा.वि. साँफेबगर न.पा. ०१– रु. ६,५०,०००/-

**आइ.सि.टी. ल्याब स्थापना**

क. सरस्वती आ.वि. साँफेबगर न.पा. ०२– रु. ६,५०,०००/-
ख. भगवती आ.वि. साँफेबगर न.पा. ०२– रु. ६,५०,०००/-

**विज्ञान प्रयोगशाला स्थापना**

क. महेन्द्र मा.वि. साँफेबगर न.पा. ०८– रु. ६,५०,०००/-
ख. राष्ट्रिय मा.वि. साँफेबगर न.पा. ०१– रु. ६,५०,०००/-

**निर्णय नं. ५**
प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रमको दायरामा समावेश हुन नसकेका "ग" र "घ" वर्गमा वर्गिकृत अपाङ्ता भएका व्यक्तिहरुलाई यस साँफेबगर नगरपालिकाले उनीहरुको जीवनयानपनमा सघाउ पुरयाउने उद्धेश्यले तत्कालिन महिला तथा बालबालिका कार्यालय अछामबाट परिचय पत्र जारी भएकाको हकमा जनही रु. ९०००/- र यस नगरपालिकाबाट परिचय पत्र जारी भएका व्यक्तिहरुको हकमा जनही रु. १२०००/- यस आ.व. २०७८/०७९ मा एकमुष्ठ रुपमा आर्थिक सहयोग उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ६**
प्रस्ताव नं. ६ माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेश, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम धनगढी कैलालीको मिति २०७८११/१५ गतेको नवप्रवर्तन साझेदारी कोष कार्यान्वियन अवधारणा पत्र पेश गर्ने सम्बन्धीको प्रकाशित सूचनानुसार यस साँफेबगर नगरपालिकाले नवीनतम प्रविधिको प्रोग गरी परम्परागत कृषि तथा पशुपालन व्यवसायमा आधुनिकीकरण गर्दै रोजगारी प्रबर्द्धन गर्ने उद्धेश्यका साथ **"कृषि तथा पशुपालन व्यवसायमा आधुनिकीकरण र प्रबर्द्धनात्मक परियोजना"** नामक नवप्रवर्तन साझेदारी कोष कार्यान्वियन अवधारणा पत्र सुदूरपश्चिम प्रदेश, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम धनगढी कैलालीमा पेश गर्न गईरहेको अवधारणा पत्र अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
**निर्णय नं. ७**
प्रस्ताव नं. ७ माथि छलफल गर्दा आवश्यकता तथा औचित्यताको साथै आलु उत्पादनको सम्भाव्यता र उपयुक्त हावापानी समेतका आधारमा यस साँफेबगर नगरपालिका अन्तर्गत तपसिल बमोजिमका वडा स्थित सहकारी, फर्म, कृषि समूहहरुलाई ५० प्रतिशत लागत साझेदारीमा आलु पकेट क्षेत्र कार्यक्रमका लागि छनौट गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।
तपसिलः

क. खप्तड विकास तथा ऋण सहकारी संस्था लि. साँफेबगर न.पा. ११

ख. साजन कृषि तथा पशुपंक्षी फर्म साँफेबगर न.पा. ११

ग. भागेश्वर कृषि तथा पशुपंक्षी फर्म साँफेबगर न.पा. ११

घ. मिलिजुली कृषक समूह साँफेबगर न.पा. ०९

ङ. हाम्रो बाब्ला कृषि तथा पशुपंक्षी फर्म साँफेबगर न.पा. १३

**निर्णय नं. ८**
प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत रहेको ज्येष्ठ नागरिकसँग नगर प्रमुख कार्यक्रम अन्तर्गत यस नगरपालिकाका १४ वटै वडाहरुका ७० बर्ष उमेर पुरा गरेका प्रति वडा १ जना महिला र १ जना पुरुष गरी २ जना जेष्ठ नागरिकलाई देशका महत्वपूर्ण धार्मिक स्थलहरुको दर्शन गराई आत्मिक सन्तुष्टि दिलाउने उद्धेश्य अनुरुप देश दर्शन कार्यक्रम अन्तर्गतको भ्रमण कार्यक्रमको शुरुवात यही मिति २०७८ साल चैत्र ७ गते गर्ने र ज्येष्ठ नागरिकहरुको यात्रा अवधिभरको रेखदेख तथा स्याहार सम्भारको लागि १ जना स्वास्थ्यकर्मी र कार्यपालिकाको तर्फबाट वडा नं. १० का वडा अध्यक्ष श्री लाल बहादुर खडकालाई जिम्मेवारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ०९**
प्रस्ताव नं. ०९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. ०९ बासकाटिया स्थित श्री त्रिपुरा सुन्दरी प्रा.वि.को भोगचलनमा रही सोही विद्यालयको नाममा अछाम जिल्ला विशेष नापी कार्यालयबाट नाप नक्सा भएको जग्गाको हाल सम्म पनि जग्गाधनी प्रमाण पूर्जा उपलब्ध हुन नसकेकोले उक्त जग्गा सोही विद्यालयको नाममा कायम हुनेगरी जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउन मालपोत कार्यालय अछाममा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

उल्लेखित निर्णयहरु पारित गर्दै आजको बैठक सम्पन्न गरियो ।